# स्थानीय तहको असल अभ्यास आदान प्रदान कार्यक्रमको

## एकीकृत अनुगमन प्रतिवेदन

जिल्ला समन्वय समितिको कार्यालय

बागमती प्रदेश, धुन्चे, रसुवा

जेठ, २०८३

# विषय सूची


१. पृष्ठभूमि ........ १

२. सन्दर्भ ........ १

३. अनुगमन भएको स्थानीय तह ........ २

३.१ आमाछोदिङ्मो गाउँपालिका ........ २

३.२ उत्तरगया गाउँपालिका ........ २

३.३ कालिका गाउँपालिका ........ २

३.४ गोसाइकुण्ड गाउँपालिका ........ २

३.५ नौकुण्ड गाउँपालिका ........ २

४. उद्देश्य ........ ३

५. विधि ........ ३

६. प्राप्त स्थिति ........ ४

६.१ आमाछोदिङ्मो गाउँपालिका ........ ४

६.१.१ असल अभ्यास सम्वन्धमा ........ ४

६.१.२ प्रमुख विषयहरु ........ ५

६.२ उत्तरगया गाउँपालिका ........ ५

६.२.१ असल अभ्यास सम्वन्धमा ........ ५

६.२.२ प्रमुख विषयहरु ........ ६

६.३ कालिका गाउँपालिका ........ ६

६.३.१ असल अभ्यास सम्वन्धमा ........ ६

६.३.२ प्रमुख विषयहरु ........ ७

६.४ गोसाइकुण्ड गाउँपालिका ........ ७

६.४.१ असल अभ्यास सम्वन्धमा ........ ७

६.४.२ प्रमुख विषयहरु ........ ८

६.५ नौकुण्ड गाउँपालिका ........ ८

६.५.१ असल अभ्यास सम्बन्धमा ........ ८

६.५.२ प्रमुख विषयहरु ........ ९

७. सिफारिस एवम् सुझाव ........ ९

८. तस्बीरहरू: ........ ११

८.१ आमाछोदिङ्मो गाउँपालिका ........ ११

८.२ उत्तरगया गाउँपालिका ........ १२

८.३ कालिका गाउँपालिका ........ १३

८.४ गोसाइकुण्ड गाउँपालिका ........ १४

८.५ नौकुण्ड गाउँपालिका ........ १५

## १. पृष्ठभूमि

नेपालको संविधानले स्थानीय तहलाई अधिकारसम्पन्न र स्वायत्त सरकारको रूपमा स्थापित गरेको छ। यो जनताको सबैभन्दा नजिकको निकाय भएकोले यसको कार्यसम्पादन र सेवा प्रवाह प्रत्यक्ष रूपमा नागरिकको जीवनस्तरसँग जोडिएका हुन्छन्। देशभरका ७५३ वटा स्थानीय तहहरूले आ-आफ्नो भौगोलिक, सामाजिक र आर्थिक परिवेश अनुसार विभिन्न नवीन कार्य र सुधारका प्रयासहरू गरिरहेका छन्। कतिपय पालिकाले शिक्षा, स्वास्थ्य, फोहोरमैला व्यवस्थापन, सुशासन र प्रविधिको प्रयोगमा उदाहरणीय सफलता हासिल गरेका छन्। यस्ता सफल र असल अभ्यासहरूलाई एउटा पालिकाबाट अर्को पालिकामा विस्तार गर्न र एक-अर्काको सिकाइबाट लाभ उठाउनु वाञ्छनीय छ। संघीय शासन प्रणालीमा 'सहकारिता, सह-अस्तित्व र समन्वय' को सिद्धान्तलाई आत्मसात गर्दै, पालिकाहरूबीच आपसी सद्भाव र प्राविधिक सहयोग आदानप्रदान गर्न यस्ता कार्यक्रमहरू आवश्यक देखिन्छन्। पालिकाहरूको अनुभव बाँड्ने र सफल मोडलहरूलाई अर्को पालिकामा अनुकूलन गर्नु महत्त्वपूर्ण देखिन्छ।

## २. सन्दर्भ

स्थानीय तहको असल अभ्यास आदानप्रदान कार्यक्रमका लागि यस कार्यालयमा वार्षिक रूपमा बजेट विनियोजन गरिएको छ। उक्त कार्यक्रम यथाशीघ्र सम्पन्न गर्न सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबारले पटक पटक ताकेता गरेको र पछिल्लो पटक सोही मन्त्रालयको च.नं.८५, मिति २०८२/१०/०६ को पत्रानुसार उक्त कार्यक्रमको लागि ढाँचा सहित पत्राचार गरेको छ। हरेक जिल्लाबाट एक एक वटा असल अभ्यासहरू प्रदेशस्तरीय असल अभ्यासमा प्रस्तुतीकरणका लागि छनौट गर्न ताकेता भएको देखिन्छ।

रसुवा जिल्लामा हाल ५ वटा गाउपालिकाहरू रहेका छन्। गाउँपालिकाबाट एक र नगरपालिकाबाट एक गरी जम्मा दुई वटा असल अभ्यासहरू एक जिल्लाबाट छनौट गर्नुपर्ने गरी पत्राचार भएकोमा रसुवा जिल्लामा सबै स्थानीय तहहरू गाउँपालिका स्तरीय रहेकाले एक वटा गाउँपालिकाको असल अभ्यास छाने हुने अवस्था छ।

पुन हरेक पालिकाको आर्थिक, सामाजिक, भौगोलिक एवम् प्रशासनिक अवस्थाबारे सूचना सङ्कलन गरी सो को एकीकृत प्रतिवेदन प्रदेशस्तरीय असल अभ्यास आदान प्रदान कार्यक्रममा सम्बन्धित जिल्ला समन्वय अधिकारीले प्रस्तुतीकरण गर्नुपर्ने समेत सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबारबाट लेखी आएको छ। सम्बन्धित स्थानीय तहको प्रशासनिक एवम् बेरूजूको अवस्था, सेवाप्रवाहको स्थिति, संघीय सरकारसँगको अपेक्षा एवम् मौजुदा समस्या र चुनौतीहरूको विवरण समेत आवश्यक देखिन्छ।

## ३. अनुगमन भएको स्थानीय तह

### ३.१ आमाछोदिङ्मो गाउँपालिका

कुल ५ वटा वडा रहेको रसुवा जिल्लाको उत्तर पूर्वी सीमावर्ती क्षेत्रमा रहेको आमाछोदिङमो गाउँपालिकाको अनुगमन सम्पन्न भएको छ। यसको केन्द्र वडा नं. ४ गोल्जुङ मा रहेको छ। यस पालिकाको सरदर उचाइ २००० देखि ४५०० मिटर माथि रहेको र साबिकको गत्लाङ, गोल्जुङ, चिलिमे गाविस र हाकु गाविसको वडा नं १ देखि ७ सम्मका वडाहरू समावेस गरी मिलेर बनेको यस पालिकाको क्षेत्रफल ६८२.२३ वर्ग किमी र वि. स. २०७८ सालको जनगणना अनुसार कुल जनसंख्या ६६७३ रहेको छ।

### ३.२ उत्तरगया गाउँपालिका

कुल ५ वटा वडा रहेको रसुवा जिल्लाको दक्षिण पश्चिम सीमावर्ती क्षेत्रमा रहेको उत्तरगया गाउँपालिकाको अनुगमन सम्पन्न भएको छ। यसको केन्द्र उत्तरगया-५, खाल्टेमा रहेको छ। यस पालिकाको सरदर उचाइ ६०० देखि ४००० मिटर माथि रहेको देखिन्छ। साबिक लहरेपौवा गाउँ विकास समितिको १ देखि ७ र ९ नं वडा, ठुलोगाउँ गाउँ विकास समिति, डाडागाउँ गाउँ विकास समिति र हाकुगाउँ गाउँ विकास समितिका ८ र ९ नं वडा मिलेर बनेको यस पालिकाको क्षेत्रफल १०४.५१ वर्ग किमी र वि. स. २०७८ सालको जनगणना अनुसार कुल जनसंख्या ८५५५ रहेको छ ।

### ३.३ कालिका गाउँपालिका

कुल ५ वटा वडा रहेको रसुवा जिल्लाको सदरमुकाम धुन्चेबाट २४ किमी दक्षिण पूर्वमा अवस्थित कालिका गाउँपालिकाको अनुगमन सम्पन्न भएको छ। यसको केन्द्र साबिक धैबुङ गा.वि.स. मा रहेको छ। साबिकका राम्चे, धैबुङ, भोर्ले गा.वि.स. का वडा नं. १, ६, ८ र ९ र लहरेपौवा गा.वि.स.को वडा नं. ८ मिलेर कालिका गाउँपालिका बनेको हो। १९२.५४ वर्ग किमी क्षेत्रफलमा फैलिएको यस पालिकाको वि. स. २०७८ सालको जनगणना अनुसार कुल जनसंख्या १०,११५ रहेको छ।

### ३.४ गोसाइकुण्ड गाउँपालिका

कुल ६ वटा वडा रहेको रसुवा जिल्लाको उत्तर-पूर्व क्षेत्रमा रहेको गोसाईकुण्ड गाउँपालिकाको अनुगमन सम्पन्न भएको छ। यसको केन्द्र गोसाईकुण्ड-५, स्याफ्रुबेसीमा रहेको छ। यस पालिकाको सरदर उचाइ १५०० देखि ७२३४ मिटर माथि रहेको छ। साविकका धुन्चे, स्याफ्रु, बृद्धिम, थुमन, टिमुरे र लाङटाङ गा.वि.स. हरु मिलेर बनेको यस गाउँपालिकाको क्षेत्रफल ९७८.७७ वर्ग किमी र वि. स. २०७८ सालको जनगणना अनुसार कुल जनसंख्या ७७८८ रहेको छ ।

### ३.५ नौकुण्ड गाउँपालिका

कुल ६ वटा वडा रहेको रसुवा जिल्लाको दक्षिण पूर्वी क्षेत्रमा रहेको नौकुण्ड गाउँपालिकाको अनुगमन सम्पन्न भएको छ। यसको केन्द्र वडा नं. ३ नौकुण्डमा रहेको छ। यस पालिकाको पूर्वमा गोसाईकुण्ड गाउँपालिका र नुवाकोट जिल्ला, पश्चिममा कालिका गाउँपालिका, उत्तरमा गोसाईकुण्ड गाउँपालिका तथा

दक्षिणमा नुवाकोट जिल्लाको सिमाना जोडिएको छ। साबिकको सरमथली, यार्सा र भोर्ले गाविसका वडाहरू समावेश गरी मिलेर बनेको यस पालिकाको क्षेत्रफल १२६.९९ वर्ग किमी र वि. स. २०७८ सालको जनगणना अनुसार कुल जनसंख्या १२,३४४ रहेको छ।

कुल ६ वटा वडा रहेको रसुवा जिल्लाको दक्षिण पूर्वी क्षेत्रमा रहेको नौकुण्ड गाउँपालिकाको अनुगमन सम्पन्न भएको छ। यसको केन्द्र वडा नं. ३ नौकुण्डमा रहेको छ। यस पालिकाको पूर्वमा गोसाईकुण्ड गाउँपालिका र नुवाकोट जिल्ला, पश्चिममा कालिका गाउँपालिका, उत्तरमा गोसाईकुण्ड गाउँपालिका तथा दक्षिणमा नुवाकोट जिल्लाको सिमाना जोडिएको छ। साबिकको सरमथली, यार्सा र भोर्ले गाविसका वडाहरू समावेश गरी मिलेर बनेको यस पालिकाको क्षेत्रफल १२६.९९ वर्ग किमी र वि. स. २०७८ सालको जनगणना अनुसार कुल जनसंख्या १२,३४४ रहेको छ।

## ४. उद्देश्य

स्थानीय तहले सफलतापूर्वक कार्यान्वयन गरेका नवीन कार्यहरू, नीति र कार्यशैलीको आदानप्रदान गराउनु र प्रदेशस्तरीय असल अभ्यासका लागि एक उत्कृष्ट असल अभ्यास छनौट गर्न लगाउनु कार्यक्रमको मुख्य उद्देश्य हो। यसका साथै देहायका बुँदाहरूलाइ समेत उद्देश्यका रूपमा राखिएको छः

- ✓ पालिकाहरूबीच अनुभवको आदानप्रदान गर्ने
- ✓ प्रतिस्पर्धात्मक क्षमताको विकास गराउने वातावरण सिर्जना गर्ने
- ✓ सिकाइ र विधि आदानप्रदान गराउने
- ✓ विकासका नमूनाहरूको पहिचान गरी लागु गराउने
- ✓ अन्तर-पालिका समन्वय सुदृढिकरण गर्ने गराउने वातावरण निर्माण गर्नु
- ✓ समान प्रकृतिका समस्याहरू (जस्तैः विपद् व्यवस्थापन, बेरोजगारी वा राजस्व संकलन) साटासाट गरी चुनौतीहरू कम गर्ने।

## ५. विधि

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले कार्यक्रम यथाशीघ्र सम्पन्न गर्न ताकेता गरेको अवस्थालाई समेत मध्यनजर गरी यस कार्यक्रमका लागि देहायका विधिहरु अवलम्बन गरिएका छन्:

- ✓ सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहरवारको पत्रसाथ प्रास ढाँचाहरूलाई एकीकृत गरी सम्बन्धित स्थानीय तहमा पत्राचार
- ✓ पत्राचार वमोजिम विवरण तयार गर्न वारम्वार ताकेता (इमेल, फोन आदि)
- ✓ विवरण अपूर्ण रूपमा प्रास भएकाले स्थलगत अवलोकन
- ✓ सम्वन्धित पालिकामा अन्तरक्रिया र छलफल
- ✓ सम्वन्धित पालिकावाट विभिन्न असल अभ्यासहरू प्रस्तुत भएकोमा देहायका आधारमा कुनै एक छनौट गर्न लगाइएको

| | |
|---|---|
| रोजगारी सिर्जना भई गरिवी निवारणमा योगदान गरेको हुनुपर्ने | आन्तरिक आय वृद्धिमा योगदान गर्ने |

| | |
|---|---|
| नागरिकको आर्थिक-सामाजिक जीवनस्तरमा सुधार गर्ने | दीगोपना र निरन्तरताको सुनिश्चितता भएको |
| सेवा प्रवाहमा चुस्तता, शीघ्रता र प्रभावकारिता बढेको | सुशासन प्रवर्धनमा योगदान दिने |
| सूचना प्रविधि र नवप्रवर्तनको विकासमा प्रोत्साहन गरेको | नागरिकको स्वामित्व र सहभागिता हुने |
| जलवायु परिवर्तन र वातावरण संरक्षणमा योगदान गरेको | लैङ्गिक समानता, सामाजिक न्याय र समावेशीकरणमा योगदान गर्ने |
| अन्य उपुयुक्त आधार | |

- ✓ सम्वन्धित पालिकाबाट प्राप्त कागजात र प्रतिवेदन अध्ययन, विश्लेषण, खण्डीकरण एवम् एकीकरण
- ✓ निचोडको प्रस्तुतीकरण (प्रतिवेदन)

## ६. प्राप्त स्थिति

जनशक्ति, प्रशासनिक भवन र पहुँच, कानुन निर्माणको अवस्था, योजना निर्माण, वेरूजू फछ्र्यौट, वातावरण र विपद् व्यवस्थापन, आम्दानी र खर्चको विवरण, वहुवर्षीय कार्यक्रमको स्थिति, असल अभ्यासहरूको विवरण, समस्याग्रस्त आयोजना, पूर्वाधारको अवस्था जस्ता वहुपक्षीय क्षेत्रमा सूचकहरू तयार गरी सम्पन्न यस अनुगमनमा गाउँपालिकाहरुमा देहायको स्थिति देखिएका छन्:

### ६.१ आमाछोदिङ्मो गाउँपालिका

#### ६.१.१ असल अभ्यास सम्बन्धमा

- ✓ ८८ स्वीकृत दरबन्दी मध्ये ११ रीक्त
- ✓ पालिकाको भवन नबनेको अवस्था। ५ मध्ये ४ वटाको वडा भवन बनेको। सबै वडामा सडक पहुँच रहेको अवस्था
- ✓ ३१ ऐन सहित कूल ८९ वटा कानुन बनेको
- ✓ आवधिक योजना बनेको
- ✓ न्यायिक समितिमा प्राप्त २ मध्ये २ फछ्र्यौट भएको
- ✓ आ.व.२०८१/८२ सम्मको कुल बेरूजु रू. १८८४२९.९०।- हजार। आ.व.२०८१/८२ मा फछ्र्यौट भएको नदेखिएको
- ✓ दमकल, स्यानिटरी लेन्डफिल साइट नभएको तथा फोहोर प्रशोधन केन्द्र भएको जानकारी
- ✓ १० वटा सेवा अनलाइन मार्फत नागरिकलाई प्रदान गरिएको
- ✓ नागरिक वडापत्र भएको
- ✓ अनुदान तर्फ आम्दानी रू. १५६३९२।- हजार। आन्तरिक आय रू. ८२१९९।- हजार।

- ✓ खर्च रू. २५२३६५- हजार
- ✓ ५० लाख भन्दा ठुला नरहेका, २५-५० लाखसम्मका ३ वटा, ५-२५ लाखसम्मका १६ वटा र ५ लाखसम्मका २५ वटा आयोजना रहेका
- ✓ पालिकाका १३ वटा असल अभ्यासहरू उपर छलफल भएको (यसै साथ संग्लन छ)
- ✓ खेतीयोग्य जमिनको २०-४० प्रतिशतमा सिचाई सुविधा उपलब्ध, ९५ प्रतिशतमा आधारभूत खानेपानी पुगेको, ७ वटा स्वास्थ्य संस्था, १३ वटा विद्यालय रहेको
- ✓ ८० प्रतिशत नागरिकमा इन्टरनेटको पहुँच रहेको
- ✓ कर्मचारी उत्प्रेरणा र विविधता व्यवस्थाप गर्नुपर्ने गुनासो गरेको

### ६.१.२ प्रमुख विषयहरु

- ✓ पालिकामा रहेको बेरूजु फछ्यौंटमा पहल गर्नुपर्ने
- ✓ ५ मध्ये १ वटा वडाको भवन बनेको नदेखिएकाले वडा कार्यालय निर्माणका लागि पहल बढाउने
- ✓ विपद् जोखिम न्यूनीकरणका लागि प्रवर्धनात्मक कार्यहरू बढाउने। दमकलको व्यवस्था नभएको देखिएकाले अन्य पालिकासँग यस विषयमा सहकार्य गर्ने
- ✓ ढुङ्गा गिट्टी बालुवाको चोरी निकासी रोकथामको लागि सुरक्षा निकाय तथा अन्य सम्बन्धित निकायहरुसँग समन्वय गर्ने
- ✓ योजना छनौट गर्दा प्राथमिकीकरण गर्ने र सोही अनुरुप कार्यान्वयन गर्ने
- ✓ अप्रभावकारी कार्यक्रमहरू स्वयं पालिकाहरूले मूल्याङ्कन गरी सम्बन्धित पक्षलाई जानकारी गराउने

## ६.२ उत्तरगया गाउँपालिका

### ६.२.१ असल अभ्यास सम्बन्धमा

- ✓ ५४ स्वीकृत दरबन्दी मध्ये १६ रीक्त
- ✓ पालिकाको भवन नबनेको अवस्था। ५ मध्ये ३ वटाको वडा भवन बनेको। सबै वडामा सडक पहुँच रहेको अवस्था
- ✓ १७ ऐन सहित कूल १०० वटा कानुन बनेको
- ✓ आवधिक योजना बनेको
- ✓ न्यायिक समितिमा प्राप्त १५ मध्ये १४ फछ्यौंट भएको
- ✓ आ.व.२०८१/८२ सम्मको कुल बेरूजु रू.६०३०१३४३।- हजार। आ.व.२०८१/८२ मा फछ्यौंट १५ प्रतिशत
- ✓ दमकल, फोहोर प्रशोधन केन्द्र र स्यानिटरी लेन्डफिल साइट नभएको
- ✓ ८ वटा सेवा अनलाइन मार्फत नागरिकलाई प्रदान गरिएको
- ✓ नागरिक वडापत्र भएको

- ✓ अनुदान तर्फ आम्दानी रू. २५६५०४२५९।- हजार। आन्तरिक आय रू. ९७३४११४३।- हजार।
- ✓ खर्च रू. २२६००३७३८।- हजार
- ✓ ५० लाख भन्दा ठुला ४ वटा, २५-५० लाखसम्मका ५ वटा, ५-२५ लाखसम्मका ११ वटा र ५ लाखसम्मका ४७ वटा आयोजना रहेका
- ✓ पालिकाका ५ वटा असल अभ्यासहरू उपर छलफल भएको
- ✓ खेतीयोग्य जमिनको ७५ प्रतिशतमा सिचाई सुविधा उपलव्ध, ८७ प्रतिशतमा आधारभूत खानेपानी पुगेको, ५ वटा स्वास्थ्य संस्था, १९ वटा विद्यालय रहेको
- ✓ ७७ प्रतिशत नागरिकमा इन्टरनेटको पहुँच रहेको
- ✓ कर्मचारीको मनोवल उच्च बनाउनुपर्ने र माथिल्लो तहबाट प्रभावकारी कार्यक्रम लागु गर्नुपर्ने गुनासो गरेको

### ६.२.२ प्रमुख विषयहरु

- ✓ पालिकामा रहेको बेरूजु फछ्यौंटमा थप पहल गर्नुपर्ने
- ✓ ५ मध्ये २ वटा वडाको भवन बनेको नदेखिएकाले वडा कार्यालय निर्माणका लागि पहल बढाउने
- ✓ वि.सं.२०७२ सालको भूकम्पबाट विस्थापित नागरिकको पुनर्वासका लागि थप पहल गर्ने गराउने
- ✓ पालिकाको आफ्नै भवन निर्माणका लागि थप तदारूकता बढाउने
- ✓ विपद् जोखिम न्यूनीकरणका लागि प्रवर्धनात्मक कार्यहरू बढाउने। दमकलको व्यवस्था नभएको देखिएकाले अन्य पालिकासँग यस विषयमा सहकार्य गर्ने
- ✓ अप्रभावकारी कार्यक्रमहरू स्वयं पालिकाहरूले मूल्याङ्कन गरी सम्बन्धित पक्षलाई जानकारी गराउने

## ६.३ कालिका गाउँपालिका

### ६.३.१ असल अभ्यास सम्बन्धमा

- ✓ १३७ स्वीकृत दरबन्दी मध्ये रीक्त नरहेको
- ✓ पालिकाको भवन नबनेको अवस्था। ५ मध्ये ४ वटाको वडा भवन बनेको। सबै वडामा सडक पहुँच रहेको अवस्था
- ✓ ६० ऐन सहित कूल १२२ वटा कानुन बनेको
- ✓ आवधिक योजना र MTEF नबनेको
- ✓ न्यायिक समितिमा प्राप्त ८२ मध्ये ७७ फछ्यौंट भएको

- ✓ आ.व.२०८१/८२ सम्मको कुल बेरूजु रू. ११२९३९.३०२।- हजार। आ.व.२०८१/८२ मा ३७२३.८७१। हजार फछ्र्यौट भएको
- ✓ दमकल नभएको तथा फोहोर प्रशोधन केन्द्र, स्यानिटरी लेन्डफिल साइट भएको जानकारी
- ✓ ९ वटा सेवा अनलाइन मार्फत नागरिकलाई प्रदान गरिएको
- ✓ नागरिक वडापत्र भएको
- ✓ अनुदान तर्फ आम्दानी रू. ४२७००५.९७।- हजार। आन्तरिक आय रू. ६४९२५.३०३७६।- हजार।
- ✓ खर्च रू. ५९७४६.८०३- हजार (आ.व. २०८१/८२)
- ✓ ५० लाख भन्दा ठुला ८ वटा, २५-५० लाखसम्मका ७ वटा, ५-२५ लाखसम्मका १२ वटा र ५ लाखसम्मका ७३ वटा आयोजना रहेका
- ✓ पालिकाका ५ वटा असल अभ्यासहरू उपर छलफल भएको (यसै साथ संग्लन छ)
- ✓ खेतीयोग्य जमिनको ४२ प्रतिशतमा सिचाई सुविधा उपलब्ध, ९७ प्रतिशत सिचाई सुविधा उपलब्ध, ५ वटा स्वास्थ्य संस्था, १८ वटा विद्यालय रहेको
- ✓ ८० प्रतिशत नागरिकमा इन्टरनेटको पहुँच रहेको
- ✓ कर्मचारी उत्प्रेरणा र विविधता व्यवस्थापन गर्नुपर्ने गुनासो गरेको

### ६.३.२ प्रमुख विषयहरु

- ✓ पालिकामा रहेको बेरूजु फछ्र्यौटमा पहल गर्नुपर्ने
- ✓ ५ मध्ये १ वटा वडाको भवन बनेको नदेखिएकाले वडा कार्यालय निर्माणका लागि पहल बढाउने
- ✓ विपद् जोखिम न्यूनीकरणका लागि प्रवर्धनात्मक कार्यहरू बढाउने। दमकलको व्यवस्था नभएको देखिएकाले अन्य पालिकासँग यस विषयमा सहकार्य गर्ने
- ✓ ढुङ्गा गिट्टी बालुवाको चोरी निकासी रोकथामको लागि सुरक्षा निकाय तथा अन्य सम्बन्धित निकायहरुसँग समन्वय गर्ने
- ✓ योजना छनौट गर्दा प्राथमिकीकरण गर्ने र सोही अनुरुप कार्यान्वयन गर्ने
- ✓ अप्रभावकारी कार्यक्रमहरू स्वयं पालिकाहरूले मूल्याङ्कन गरी सम्बन्धित पक्षलाई जानकारी गराउने

## ६.४ गोसाइकुण्ड गाउँपालिका

### ६.४.१ असल अभ्यास सम्बन्धमा

- ✓ ७४ स्वीकृत दरबन्दी मध्ये ४६ रीक्त
- ✓ पालिकाको भवन बनेको अवस्था। ६ वडा रहेकोमा सबै वडाकार्यालयको भवन बनेको। ६ मध्ये ५ वडामा सडक पहुच रहेको वडा नं. ०४ लाङटाङमा सडक पहुच नरहेको अवस्था
- ✓ २३ ऐन सहित कूल ८० वटा कानुन बनेको

- ✓ आवधिक योजना बनेको तर MTEF नबनेको
- ✓ न्यायिक समितिमा हाल सम्म कुनै पनि गुनासो/उजुरी प्राप्त नभएको
- ✓ आ.व.२०८१/८२ सम्मको कुल बेरूजु रू.६९९४८।- हजार। आ.व.२०८१/८२ मा ५७८९७.९७।— हजार रकम बराबरको खर्च सम्परीक्षणको लागि पेश गरिएको
- ✓ दमकल, फोहोर प्रशोधन केन्द्र र स्यानिटरी लेन्डफिल साइट नभएको
- ✓ ७ वटा सेवा अनलाइन मार्फत नागरिकलाई प्रदान गरिएको
- ✓ नागरिक वडापत्र भएको
- ✓ अनुदान तर्फ आम्दानी रू. २१३३७२।- हजार। आन्तरिक आय रू. १२८९४४।- हजार।
- ✓ खर्च रू. २६५२२९।— हजार (आ.व. २०८१/८२)
- ✓ ५० लाख भन्दा ठुला ५ वटा, २५-५० लाखसम्मका ८ वटा, ५-२५ लाखसम्मका ६६ वटा र ५ लाखसम्मका १० वटा आयोजना रहेका
- ✓ पालिकाका ४ वटा असल अभ्यासहरू उपर छलफल भएको (यसैसाथ संगलन)
- ✓ खेतीयोग्य जमिनको २८ प्रतिशतमा सिचाई सुविधा उपलब्ध, ९ वटा स्वास्थ्य संस्था, १८ वटा विद्यालय रहेको

### ६.४.२ प्रमुख विषयहरु

- ✓ पालिकामा रहेको बेरूजु फछर्यौटमा थप पहल गर्नुपर्ने
- ✓ निकुञ्ज क्षेत्रसँग आवश्यक समन्वय गरी जंगली जनावर नियन्त्रण गर्नेपर्ने
- ✓ भूक्षय तथा पहिरोको जोखिम रहेको क्षेत्रहरुको पहिचान गरी सो क्षेत्रको दिर्घकालीन रुपमा सामाधान गर्ने
- ✓ विपद् जोखिम न्यूनीकरणका लागि प्रवर्धनात्मक कार्यहरू बढाउने। दमकलको व्यवस्था नभएको देखिएकाले अन्य पालिकासँग यस विषयमा सहकार्य गर्ने
- ✓ अप्रभावकारी कार्यक्रमहरू स्वयं पालिकाहरूले मूल्याङ्कन गरी सम्बन्धित पक्षलाई जानकारी गराउने
- ✓ आर्थिक, सामाजिक र प्राविधिक विषयसँग सम्वन्धित तथ्याङ्कहरु Update गर्ने

## ६.५ नौकुण्ड गाउँपालिका

### ६.५.१ असल अभ्यास सम्बन्धमा

- ✓ ५७ स्वीकृत दरबन्दी मध्ये २२ रीक्त
- ✓ पालिकाको भवन नबनेको अवस्था। ६ वटै वडाहरुमा वडा भवन बनेको। सबै वडामा सडक पहुँच रहेको अवस्था
- ✓ ७ ऐन सहित कूल ७२ वटा कानुन बनेको
- ✓ आवधिक योजना र MTEF बनेको
- ✓ न्यायिक समितिमा हाल सम्म कुनै पनि गुनासो/उजुरी प्राप्त नभएको

- ✓ आ.व.२०८१/८२ सम्मको कुल बेरूजु रू. १२६७०५।- हजार। आ.व.२०८२/८३ मा २३५२। हजार रकम बराबरको फछ्यौंटका लागि पेश गरिएको
- ✓ फोहोर प्रशोधन केन्द्र भएको, दमकल र स्यानिटरी लेन्डफिल साइट नभएको
- ✓ ११ वटा सेवा अनलाइन मार्फत नागरिकलाई प्रदान गरिएको
- ✓ नागरिक वडापत्र भएको
- ✓ अनुदान तर्फ आम्दानी रू. ८२६४७४।- हजार। आन्तरिक आय रू. १३२६८२।- हजार।
- ✓ खर्च रू. ३३३४७१- हजार (आ.व. २०८१/८२)
- ✓ ५० लाख भन्दा ठुला ५ वटा, २५-५० लाखसम्मका ४ वटा, ५-२५ लाखसम्मका २९ वटा र ५ लाखसम्मका १७२ वटा आयोजना रहेका
- ✓ पालिकाका १३ वटा असल अभ्यासहरू उपर छलफल भएको (यसै साथ संग्लन छ)
- ✓ खेतीयोग्य जमिनको १८.३९ प्रतिशतमा सिचाई सुविधा उपलव्ध, २९ वटा स्वास्थ्य संस्था, १० वटा विद्यालय रहेको

६.५.२ **प्रमुख विषयहरु**

- ✓ पालिकामा रहेको बेरूजु फछ्यौंटमा पहल गर्नुपर्ने
- ✓ ५ मध्ये १ वटा वडाको भवन बनेको नदेखिएकाले वडा कार्यालय निर्माणका लागि पहल बढाउने
- ✓ विपद् जोखिम न्यूनीकरणका लागि प्रवर्धनात्मक कार्यहरू बढाउने। दमकलको व्यवस्था नभएको देखिएकाले अन्य पालिकासँग यस विषयमा सहकार्य गर्ने
- ✓ ढुङ्गा गिट्टी बालुवाको चोरी निकासी रोकथामको लागि सुरक्षा निकाय तथा अन्य सम्बन्धित निकायहरुसँग समन्वय गर्ने
- ✓ योजना छनौट गर्दा प्राथमिकीकरण गर्ने र सोही अनुरुप कार्यान्वयन गर्ने
- ✓ अप्रभावकारी कार्यक्रमहरू स्वयं पालिकाहरूले मूल्याङ्कन गरी सम्बन्धित पक्षलाई जानकारी गराउने

## ७. सिफारिस एवम् सुझाव

अनुगमनका क्रममा देखिएका सबल एवम् दुर्बल पक्ष र वर्णन गरिएका सिकाइका आधारमा पालिकाहरुका लागि निम्न अनुसारका सिफारिस तथा सुझावहरू सान्दर्भिक देखिएका छन्:

- ✓ असल अभ्यासहरूलाई माथि प्रस्तुत गरिएका सि.नं. ५ का सूचकका आधारमा स्वमूल्याङ्कन गरी पालिकास्तरीय एक असल अभ्यास छनौट गर्न निर्देशन दिइएको
- ✓ पालिकामा रहेको बेरूजु फछ्यौंटमा पहल गर्नुपर्ने
- ✓ विपद् जोखिम न्यूनीकरणका लागि प्रवर्धनात्मक कार्यहरू बढाउने। दमकलको व्यवस्था नभएको देखिएकाले अन्य पालिकासँग यस विषयमा सहकार्य गर्ने

- ✓ ढुङ्गा गिट्टी बालुवाको चोरी निकासी रोकथामको लागि सुरक्षा निकाय तथा अन्य सम्वन्धित निकायहरुसँग समन्वय गर्ने
- ✓ योजना छनौट गर्दा प्राथमिकीकरण गर्ने र सोही अनुरुप कार्यान्वयन गर्ने
- ✓ अप्रभावकारी कार्यक्रमहरू स्वयं पालिकाहरूले मूल्याङ्कन गरी सम्वन्धित पक्षलाई जानकारी गराउने
- ✓ वि.सं.२०७२ सालको भूकम्पबाट विस्थापित नागरिकको पुनर्वासका लागि थप पहल गर्ने गराउने
- ✓ पालिकाको आफ्नै भवन निर्माणका लागि थप तदारूकता बढाउने
- ✓ निकुञ्ज क्षेत्रसँग आवश्यक समन्वय गरी जंगली जनावर नियन्त्रण गर्नेपर्ने
- ✓ भूक्षय तथा पहिरोको जोखिम रहेको क्षेत्रहरुको पहिचान गरी सो क्षेत्रको दिर्घकालीन रुपमा सामाधान गर्ने
- ✓ आर्थिक, सामाजिक र प्राविधिक विषयसँग सम्वन्धित तथ्याङ्कहरु Update गर्ने

८. तस्बीरहरू:

अनुगमनको क्रममा खिचिएका तस्विरहरु

८.१ आमाछोदिङ्मो गाउँपालिका








## ८.२ उत्तरगया गाउँपालिका





८.३ कालिका गाउँपालिका








## ८.४ गोसाइकुण्ड गाउँपालिका





## ८.५ नौकुण्ड गाउँपालिका



